**बैठक संख्याः आठ (८)**

**मिति २०७८ चैत्र ९ गतेको गाउँ कार्यपालिका वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १ : अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णय**: अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : वडा नं. ६,७ को वडा कार्यालयलाई, आदमखोला आमडाडा पोखरीगाउँ सुनौला बजार सडक, घिमिरेथुम्का मछेडी पलङखर्क हुदै वडा नं. ५ जाने बाटो र डुम्रे अर्चले सडक क्रमागतको V.O. स्वीकृति ।**

**निर्णय**: वडा नं. ६ को कार्यालय भवनको बोलपत्र आह्वान गर्दा खोला छेउमा शियर वाल लगायतका क्वान्टीटी छुट भएको डिजाइन संशोधन गरि V.O. स्वीकृत गर्ने । वडा नं. ७ को कार्यालय भवन नजिक रहेको खोलामा मेशिनरी वाल लगाउनु पर्ने भएकोले सो र छुट आइटमको V.O. स्वीकृत गर्ने । आदमखोला आमडाडा पोखरीगाउँ सुनौला बजार सडक, घिमिरेथुम्का मछेडी पलङखर्क हुदै वडा नं. ५ जाने बाटो र डुम्रे अर्चले सडक क्रमागतको V.O. स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ३ : आयुर्वेद औषधालय, वडा नं. ५ को वडा कार्यालय निर्माण लगायतका बोलपत्रहरुको म्याद थप ।**

**निर्णय**: आयुर्वेद औषधालय, वडा नं. ५ को वडा कार्यालय निर्माण लगायतका बोलपत्रदाताहरुले निर्माण कार्य जारी राखेका र निर्माण कार्य सन्तोषजनक भएको हुदा कार्यालयले आवश्यकता अनुसार म्याद थप गर्ने ।

**प्रस्ताव नं. ४ : ढुङ्गा गिट्टी बालुवाको उद्योग स्थापनाको लागि सिफारिस ।**

**निर्णय**: ढुङ्गा गिट्टी बालुवाको उद्योग स्थापनाको लागि श्री जग लक्ष्मी बालुवा खानी प्रा.लि., गल्छी ५ लाई नियमानुसार कानुन बमोजिम सिफारिस दिने ।

**प्रस्ताव नं. ५ : अपांग भएका व्यक्तिहरुलाई पुनर्स्थापनाका लागि कोशिष नेपालमा पठाउने ।**

**निर्णय**: देहाय बमोजिम लगायतका अपांग भएका व्यक्तिहरुलाई पुनर्स्थापनाको लागि कोशिष नेपालमा पठाउने ।

देहाय:

१. इश्वरी खड्का: वडा नं. ७

२. गोमा अधिकारी : वडा नं. ४

**प्रस्ताव नं. ६ : अ.न.मि. श्री सरस्वती रिजाललाई सरुवा सहमति ।**

**निर्णय:** अ.न.मि. श्री सरस्वती रिजाललाई सरुवा सहमति दिने ।

**प्रस्ताव नं. ७ : पशुपंक्षि बिमा अनुदान कार्यक्रम ।**

**निर्णय:** पशुपंक्षि बिमा अनुदान कार्यक्रममा सहभागी हुन सुचिकृत विमा कम्पनीमा पशु विमा र आ.ब. ०७८/०७९ को पोलिसी को प्रतिलिपि सहित कार्यालयमा निवेदन गरेमा सम्बन्धित विमा कम्पनी, कृषि सहकारी तथा सम्बन्धित व्यक्तिलाई प्रिमियमको १५% गाउँपालिकाले उपलब्ध गराउने ।

**प्रस्ताव नं. ८ : आर्थिक सहायतामा बजेट थप ।**

**निर्णय:** आर्थिक सहायताको लागि रु. पाँच लाख बजेट शिर्षक जनतासंग अध्यक्ष विकास कार्यक्रमबाट विनियोजन गर्ने ।

**प्रस्ताव नं. ९: मिनि टिलर खरिदको लागि बजेट थप ।**

**निर्णय:** मिनि टिलर खरिदको लागि बाकी रहेको रु. एघार लाखमा थप बजेट रु. चौध लाख जनतासंग अध्यक्ष विकास कार्यक्रमबाट विनियोजन गरि खरिद गरि वितरण गर्ने।

**प्रस्ताव नं. १०: गर्भवती महिलाहरुलाई थप पोषण ।**

**निर्णय:** गर्भवती महिलाहरुलाई थप पोषण पैतालिस दिन करिब सात सय चौबिस जना लाई थप पोषण उपलब्ध गराउन कार्यालयले आवश्यक प्रकृया पुरा गरि कार्यपालिका समक्ष पेश गर्ने ।

**प्रस्ताव नं. ११: योजना सम्झौताको म्याद ।**

**निर्णय:** योजनाको सम्झौता मिति २०७८ चैत्र मसान्त पश्चात नगर्ने र सबै वडालाई सो को जानकारी गराउने ।

**प्रस्ताव नं. १२: स्तनपान नमुना शौचालय निर्माणको स्थान एकीन ।**

**निर्णय:** वडा नं. ७ स्थीत गल्छी-त्रिशुली सडकको दायाँ साइडमा स्तनपान नमुना शौचालय निर्माणको स्थान तोक्ने ।

**प्रस्ताव नं. १३ : सडक बोर्ड नेपालमा कार्यक्रम पेश गर्ने ।**

**निर्णय :** सडक बोर्ड नेपालमा वडा नं. ७ को अकुडुले खोला बालकुमारी सडक कार्यक्रम बनाइ सडक बोर्डको Norms अनुरुप पेश गर्ने ।

**प्रस्ताव नं. १४ : गत आ.ब.को बांकी भुक्तानी ।**

**निर्णय**: वडा नं. ५ को आधारभुत स्वास्थ्य सेवा केन्द्रको बाकी रकम रु पाँच लाख र वडा नं. ३ को गुप्तेश्वरी खानेपानीको रु चार लाख उपर्युक्त शिर्षकबाट विनियोजन गरि भुक्तानी गर्ने ।

**प्रस्ताव नं. १५ : आर्थिक सहायता ।**

**निर्णय**: वडा नं. २ को वडा सदस्य श्री चमेली गैरेलाई रु पचास हजार रकम आर्थिक सहायता दिने ।

**प्रस्ताव नं. १६ : बजेट विनियोजन सम्बन्धमा।**

**निर्णय**: वडा नं. २ को कल्लेरी खानेपानी साझेदारी शिर्षक नं.३५२ को लागि नपुग रकम रु चार लाख जनतासंग अध्यक्ष विकास कार्यक्रमबाट विनियोजन गर्ने ।

२०७७।०५।१०